STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ७ गते सोमबार ❑ 23 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## विचार मिल्नेसँग सहकार्य गर्ने माओवादीको निणर्य

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ भदौ**

नेकपा (माओवादी केन्द्र)ले विचार मिल्ने सबै कम्युनिष्ट घटकसँग सहकार्य एवम् एकता गर्ने भएको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आइतबार बसेको स्थायी समितिको बैठकले समान विचार भएका वामपन्थी पार्टीसँग सहकार्य, एकता गर्दै नयाँ कम्युनिष्ट पार्टीको अवधारणाका साथ अगाडि बढ्ने निर्णय गरेको हो।

तत्कालीन नेकपा (एमाले) र माओवादी केन्द्रका बीचमा चुनावी गठबन्धन र पार्टी एकतासमेत भएको थियो। एकता प्रक्रिया तीन वर्ष पूरा नहुँदै टुटेपछि नयाँ आधारमा कम्युनिष्ट पार्टीबीचको एकता र सहकार्यलाई अगाडि बढाउने माओवादीले निष्कर्ष निकालेको छ। विचार मिल्ने सबै वामपन्थी पार्टी र समूहसँग सहकार्य गर्दै एकताको प्रक्रिया अगाडि बढाउने बैठकको निष्कर्ष रहेको माओवादीले जनाएको छ। बैठकले पार्टीका विभागीय प्रमुख तोकेको छ। जिल्ला इन्चार्ज तोक्ने जिम्मा भने प्रदेश समितिलाई दिइएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो। केन्द्रीय समितिको बैठकको दिशानिर्देशअनुसार आज विभागीय प्रमुख, प्रदेश प्रमुख तोकिएको हो।

माओवादीले सात प्रदेशका इन्चार्ज र अन्य विभागका प्रमुख तोकेर पार्टी सङ्गठनको कामलाई प्रभावकारी बनाउन लागिएको जनाएको छ। माओवादीले जिल्ला समितिलाई जिल्ला समन्वय समितिमा रुपान्तरण गरेको छ। सोही आधारमा जिल्ला इन्चार्ज तोकेको छ। त्यस्तै, केही जिल्लामा केन्द्रीय प्रतिनिधि तोकेको छ। केन्द्रीय प्रतिनिधिले पार्टी सङ्गठनको काम सम्हाल्नेछ। माओवादीले सङ्घीय, प्रदेश र स्थानीय समिति बढी कामकाजी बनाउन लागेको छ। जिल्ला समितिलाई प्रदेश र स्थानीय तहको समन्वय गर्ने जिम्मा मात्रै दिइएको छ। यस्तै, माओवादी छाडेर एमाले प्रवेश गरेका नेताको सट्टामा अन्य नेतालाई जिम्मेवारी दिएर परिपूर्ति गरिएको छ।

यस्तै, माओवादीले वडा, पालिका र प्रदेश अधिवेशनको प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ। अधिवेशनका लागि आवश्यक पर्ने नियमावली र निर्देशिका तयार पार्ने काम जारी रहेको छ। ती तयार भएपछि तल्ला तहमा पठाइनेछ। माओवादीले पार्टीको सङ्गठन विस्तारका साथसाथै राष्ट्रिय स्वाधीनताको रक्षाको विषय, तत्काल कोभिड महामारीमा जनतालाई सहयोग गर्ने विषय र कोभिडसँग जुध्न एकताबद्ध हुने विषयलाई पनि प्रमुख प्राथमिकताका साथ अगाडि बढाउने भएको छ।

त्यसैगरी माओवादीले 'प्रतिगमन'प्रति सचेत रहँदै शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक भेदभावको अन्त्य, उत्पादन, रोजगारी, पर्यावरणको रक्षा, विज्ञान प्रविधिको अधिकतम प्रयोगजस्ता विषयमा ध्यान केन्द्रित गर्न सिङ्गो पार्टी कमिटीलाई निर्देशित गरिएको जनाएको छ। फरक एक प्रसङ्गमा प्रवक्ता श्रेष्ठले निर्वाचन आयोगले नयाँ दल दर्ताको प्रक्रिया सम्पन्न गरेलगत्तै मन्त्रिपरिषद् विस्तार हुने जानकारी दिनुभयो।

## ब्रह्माकुमारी ईश्वरी विश्व विद्यालयमा रक्षाबन्दन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ भदौ**




कोरोनाको प्रभावका बाबजुत पनि पोखरा क्षेत्रमा ब्रह्माकुमारी ईश्वरी विश्व बिद्यालय पोखराका विभिन्न शाखामा करिब ६ हजार जनाले राखि बाध्ने तथा रक्षाबन्धन लगाएका छन्।

कोरोनाबाट बच्न र बचाउन आवश्यक स्वास्थ्य मापदण्डलाई पालना गराउदै पोखरा क्षेत्रका करिब २० वटा शाखाबाट सोमबार करिब ६ हजार जनालाई राखि बाध्ने तथा रक्षाबन्धन लगाइएको संयोजक एवं विश्वबिद्यालयका महासचिव सैलेस बरालले बताए।

उनका अनुसार अन्य बर्ष सामान्य अबस्थामा जनैपुर्णिमा पर्वमा पोखराका करिब २० वटा शाखामा करिब ४० हजार जनाले राखि तथा रक्षाबन्दन लगाउने गर्दथे। ईश्वरीय विश्व विद्यालय क्षेत्रीय कार्यालय नयाँबजारमा सोमबार गण्डकी प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीले सहितका व्यक्तिहरुले रक्षाबन्दन लगाएका हुन्। आपसी सद् भावना, स्नेह र पवित्रताको प्रतिज्ञाको प्रतिकको रुपमा मनाइने रक्षाबन्धन (जनैपूर्णिमा) को अवसरमा समाजका विभिन्न व्यक्ति तथा संस संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको संयोजक बरालले जनाए। यसपाली कोरोनाको कारण खासै निम्तो नपठाउदा पनि धेरै व्यक्तिहरु स्वतः स्फुर्त रुपमा रक्षाबन्दन कार्यक्रममा सहभागि भएको उनले जनाए। ब्रह्मा कुमारी नेपालका अध्यक्ष एवं निर्देशक राजयोगिनी ब्रह्माकुमारी परणिता दिदीले मुख्यसचिव रेग्मी सहितका अतिथिहरुलाई रक्षाबन्दन लगाइदिएकी थिइन्। कार्यक्रममा क्षेत्रीय कार्यालय नयाँबजारकी सञ्चालिका राजयोगिनी ब्र.कु शोभा दिदी, ब्रह्माकुमारी टिकापुरका प्रमुख राजयोगिनी ब्र.कु सिता दिदी लगायतले रक्षाबन्दन पर्वको बारेमा चर्चा गरेका थिए।

यसैबिच, विश्व हिन्दु महासंघ कास्कीको आयोजनामा विश्वकर्मा समाजको केन्द्रीय कार्यालय

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखराबाट सिमरा सिधा उडान संचालन गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ भदौ**

प्रादेशिक उडान विस्तारमा केन्द्रित बुद्ध एयरले राजधानी काठमाडौँबाहेक पर्यटकीय नगरी पोखरालाई देशको विभिन्न प्रदेशसँग सिधा उडान सञ्चालनलाई तीव्रता दिएको छ।

पोखरालाई विभिन्न प्रदेशबाट हवाई मार्गबाट जोड्न क्षेत्रीय उडान थालेको बुद्धले यही भदौ १६ गतेदेखि पोखराबाट सिमराको सिधा उडान गर्ने भएको हो। यसअघि नै पोखरालाई भैरहवा, भरतपुर (चितवन) बाट सिधा उडान विस्तार गरेको कम्पनीले केही साता अगाडि नेपालगञ्जलाई पनि पोखरासँग सिधा उडानबाट जोडेको थियो।

देशको महत्वपूर्ण व्यापारिक केन्द्र वीरगञ्ज र भारतीय सीमा क्षेत्रका पर्यटकलाई लक्षित गर्दै कम्पनीले सिमराबाट सिधा उडान भर्ने तालिका सार्वजनिक गरेको छ। शुरुआतमा साताको तीन दिन अर्थात् आइतबार, बुधबार र शुक्रबार उडान भर्नेछन्। यात्रुको मागअनुसार बुद्ध एयरले दैनिक उडान भर्ने पनि योजना बनाएको छ। पोखराबाट-सिमरा १२:२० र सिमराबाट-पोखराको उडान १३:१५ बजे तोकिएको छ। उडानबाट दुवै प्रदेश तथा शहरका जनता लाभान्वित हुने कम्पनीको विश्वास छ।

प्रादेशिक उडानले दुवै ठाउँको पर्यटकीयस्थलमा पनि चहलपहल बढ्ने बुद्ध एयरका बजार निर्देशक रुपेश जोशीले बताउनुभयो। उहाँका अनुसार सिमरा/वीरगञ्ज वरिपरि रहेका विभिन्न धार्मिक तथा पर्यटकीय गन्तव्यमा चहलपहल बढ्नेछन्। वीरगञ्ज देशकै ठूलो औद्योगिक करिडोर भएकाले व्यापारिक गतिविधिमा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ। सिमरा/वीरगञ्जका बासिन्दाले पनि पर्यटकीय शहर पोखरा तथा वरिपरि रहेका तालतलाउ तथा हिमाल श्रृंखलाको आनन्द लिन सक्नेछन्। यस उडानबाट वीरगञ्ज नजिक रहेका भारतीय शहर पटना, दरभङ्गा, मजफ्फरपुर आदि गन्तव्यका पर्यटक पनि आकर्षित हुने बुद्ध एयरले विज्ञप्तिमार्फत जनाएको छ।

बुद्ध एयरको भगिनी संस्था बुद्ध होलिडेजले यी दुवै गन्तव्यका लागि आकर्षक होलिडे प्याकेज ल्याएको छ। सिमरा-पोखरा प्याकेजका लागि रु १०,९९९ मा दुई रात तीन दिनको प्याकेज, जसमा दुईतर्फी हवाई टिकट, पोखरा विमानस्थलबाट होटल तथा होटलबाट पोखरा विमानस्थल गाडी सुविधा, वातानुकूलित ट्वीन शेयरिङ रुम र बिहानको ब्रेकफास्ट संलग्न रहेको छ। बुद्ध एयरसँग एटीआर-७२ जहाज १० वटा, एटीआर-४२ जहाज तीन र क्राफ्ट दुई वटा रहेका छन्।

पोखरा ईन्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !
प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो।
कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोट: जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ठ विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ।
विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

## सांस्कृतिक समृद्धिका लागि चाडपर्वको महत्व: मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ भदौ**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सांस्कृतिक समृद्धिका लागि धर्म, संस्कृति र परम्पराको जगेर्ना आवश्यक रहेको बताउनुभएको छ।

पवित्र पर्व जनैपूर्णिमा, ऋषितर्पणी र गुँपुन्हीका अवसरमा शुभकामना सन्देश दिँदै उहाँले धर्म, संस्कृति र परम्परा जस्ता अमूल्य निधिको जगेर्ना गर्नु सबैको दायित्व रहेको बताउनुभएको छ।

सन्देशमा भनिएको छ, "विविध धर्म संस्कृतिको धनी हाम्रो मुलुक धार्मिक सहिष्णुताको अनुकरणीय नमूना हो। एकै दिन पर्ने पर्वलाई समुदाय विशेषअनुसार फरक तरिकाले मनाइनु पनि धार्मिक सहिष्णुताकै सबैभन्दा दरिलो उदाहरण हो।" धर्मसँग जोडिएर कुनै पनि चाड विशेषरूपले मनाउने गरिए पनि ती पर्वसँग वैज्ञानिक तर्क पनि जोडिएको मुख्यमन्त्री पोखरेलले बताउनुभएको छ। जनै पूर्णिमाका दिन तागाधारी समुदायले पुरोहितबाट नयाँ जनै फेर्नाका साथै हातमा रक्षाबन्धन बाँध्ने परम्परा छ। श्रावण शुक्ल पूर्णिमाकै दिन तराईमा दिदीबहिनीले दाजुभाइको नाडीमा राखी बाँधेर मनाउने गर्छन्। नेवारी समुदायले यो दिनलाई 'गुँपुन्ही' का रूपमा मनाउने परम्परा छ। यो दिनमा नौ थरी गेडागुडी मिसाएको क्वाँटी खाने र भ्यागुताको पूजा गरिन्छ। मुख्यमन्त्री पोखरेलले कोभिड-१९ को त्रास कायमै रहेको जनाउँदै स्वास्थ्य मापदण्ड पालना गर्दै सजगता अपनाएर पर्व मनाउनसमेत अनुरोध गर्नुभएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

## एक हजार ९२० जना कोरोना संक्रमित थपिए, २४ को मृत्यु

**रासस**
**काठमाडौं, ६ भदौ**

पछिल्लो २४ घण्टामा थप एक हजार ९२० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घण्टामा थप नौ हजार ४४३ जनाको पीसीआर परीक्षण तथा तीन हजार ७३ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो। जसमा पीसीआर विधिबाट एक हजार ७०२ तथा एन्टिजेनबाट २१८ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा देशभर दुई हजार २४८ सङ्क्रमित निको भएका छन्। हालसम्म छ लाख ९८ हजार १७३ जना कोरोनाबाट मुक्त भएका छन्। निको हुने दर ९३ दशमलव चार प्रतिशत रहेको छ। हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ३८ हजार ७५१ रहेको छ।

बितेका २४ घण्टमा देशभर १८ हजार ३२२ जनाले कोरोनाविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर ६८१ सङ्क्रमितको सघन उपचारकक्षमा तथा १६९ सङ्क्रमितको भेन्टिलेटरमा उपचार भइरहेको छ। पछिल्लो समय देशमा कोरोना भाइरसको सङ्क्रमणबाट थप २४ सङ्क्रमितको मृत्यु भएको छ। योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या १० हजार ५०९ पुगेको मन्त्रालयले जनाएको छ।

## '२० हजार स्वास्थ्यकर्मी थप्नुपर्छ'

**रासस**
**काठमाडौं, ६ भदौ**

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठले देशभरिका अस्पतालहरूका लागि २० हजार चिकित्सक तथा स्वास्थ्यकर्मी थप्नुपर्ने बताउनुभएको छ।

भरतपुर अस्पतालमा आइतबार आयोजित स्वागत कार्यक्रममा उहाँले चिकित्सक, नर्स र प्यारामेडिकलको दरबन्दी थप्नुपर्ने आवश्यकता रहेको बताउनुभएको हो। गरिब जनताले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# अन्नपूर्ण गाउँपालिकामा वाईसियल गठन

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौ

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)को युवा संगठन वाइसियलको शुक्रवार बसेको अन्नपूर्ण गाउँपालिका भेलाले प्रलाल विकको अध्यक्षतामा ३३ सदस्यिय गाउँपालिका कमिटी गठन गरेको छ।

कमिटीको उपाध्यक्षमा राजु गिरी र शुशिल परियार, सचिवमा हरि अधिकारी, सहसचिवमा दिपशिखा गिरी, अजित जिसी, सविता परियार र अरुण गुरुङ, कोषाध्यक्षमा राजु सुनार चयन हुनुभयो।



त्यस्तै उक्त भेलाले सरोज दाहाल, नविन भण्डारी, सुभाष भण्डारी, मोहन अधिकारी, मिलन विक, राजु गिरी, तुलसी गिरी, तिलक परियार, रामबहादुर भुजेल, सुर्यबहादुर विक, आशिका गिरी, धुब्र देवकोटा, विमल देवकोटा, नारायण विक, हेम विक, सन्दिप विक, ईश्वर अधिकारी, अनिल घमाल, रितिक परियार, प्ररिण थापा, दिवेश विक, राम पुन, प्रमित गुरुङ, प्रकाश गिरी र आविश्कार भण्डारीलाई सदस्यमा छनोट पनि गरेको छ। भेलालाई सम्बोधन गर्दै वाइसियल गण्डकी प्रदेश इञ्चार्ज विनय थापाले विगतमा गणतन्त्रको लागि बलिदानी भावनाले संघर्ष गरेजस्तै अव समाजवादी क्रान्तिको लागि पनि सोही भावनाले पुरानो विरासतलाई स्थापित गर्ने गरी योगदान गर्नुपर्ने बताउनुभयो।

उक्त कार्यक्रममा वाइसियलका जिल्ला इन्चार्ज मेखबहादुर विक, केन्द्रीय सदस्य विपिन आचार्य, जिल्ला संयोजक भोजराज पौडेल, केन्द्रीय अनुशासन आयोग सदस्य नरबहादुर पुन, पार्टीका जिल्ला सदस्यहरु गोविन्दप्रसाद अधिकारी, इन्द्रप्रसाद भण्डारी, गाउँपालिका सदस्य नविन गिरी, वाइसियल अन्नपूर्ण इञ्चार्ज रुद्र विक, गाउँपालिका सदस्यहरु वेदप्रसाद शर्मा, भेषराज पौडेल, सुर्य परियार, वाइसियल जिल्ला सदस्य जीवन देवकोटा र दीपेन्द्र गिरी, विद्यार्थी नेता शरण विकले लगायतले नवगठित समितिलाई बधाई तथा शुभकामना दिनुभयो। उहाँहरुले यवाहरु सधै गतिशिल हुनुपर्ने, विकास निर्माणलाई पनि ध्यान दिनुपर्ने, वाईसियललाई जनताको सारथि बनाउनुपर्ने, कुरीति र विभेद अन्त्यका लागि भुमिका खेल्नुपर्ने लगायत धारण राख्नुभएको थियो।



दुम्सीको मूर्ति : तनहुँको व्यास नगरपालिका-१० दुम्सीचौरमा निर्माण गरिएको दुम्सीको मूर्ति। वडा कार्यालयले निर्माण गरेको उक्त मूर्ति आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बनेको छ। तस्वीर : कृष्ण न्यौपाने, रासस

# बागलुङमा सबैभन्दा बढी बेरुजु ढोरपाटनमा

पोखरापत्र संवाददाता
बलेवा, ६ भदौ

बागलुङको दुई स्थानीय तहको बेरुजु फछर्यौटमा केही सुधार आएको छ।

महालेखा परीक्षकको कार्यालयले यसअघि सार्वजनिक गरेको प्रतिवेदनमा सबैभन्दा धेरै बेरुजु देखिएका बागलुङका बरेङ गाउँपालिका र ताराखोला गाउँपालिकाले अघिल्लो आर्थिक वर्षमा भने बेरुजु प्रतिशतमा करेक्सन (सुधार) गरेका हुन्।

आर्थिक वर्ष २०७५/०७६ को प्रतिवेदनमा बरेङमा ५.२२ प्रतिशत र ताराखोलामा ५.२० प्रतिशत बेरुजु देखिएकोमा आव २०७६/०७७ मा त्यसलाई सुधार गर्दै बरेङमा ०.४२ प्रतिशत मात्रै बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ। यो जिल्लाका १० वटै स्थानीय तहमा देखिएको बेरुजुमध्ये सबैभन्दा कम हो। बरेङमा रु ६६ करोड ३७ लाख ३९ हजार लेखा परीक्षण हुँदा रु २७ लाख ७६ हजार बेरुजु देखिएको छ। ताराखोला गाउँपालिकाले अघिल्लो प्रतिवेदनमा भन्दा धेरै सुधार गरेको छ। ताराखोलामा १.६१ प्रतिशत बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ। जिल्लाका १० स्थानीय तहमध्ये ढोरपाटन नगरपालिकामा सबैभन्दा धेरै बेरुजु देखिएको छ। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा ढोरपाटन नगरपालिकामा ६.७६ प्रतिशत रकम बेरुजु देखिएको हो। आव २०७६/०७७ मा ढोरपाटन नगरपालिकामा छ करोड २५ लाख १८ हजार रुपैयाँ बेरुजु देखिएको छ। बेरुजु धेरै हुनेमा बागलुङ नगरपालिका दोस्रो बनेको छ। बागलुङ नगरमा १.६४ प्रतिशत बेरुजु देखिएको छ। बागलुङमा रु दुई अर्ब पाँच करोड ६५ लाख ३४ को लेखा परीक्षण रकम रहेकामा रु तीन करोड ३६ लाख ३७ हजार बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ। काठखोला गाउँपालिका र ताराखोला गाउँपालिकामा समान १.६१ प्रतिशत बेरुजु देखिएको छ। जैमिनीमा नगरपालिकामा १.१४ प्रतिशत बेरुजु छ।

तमानखोला गाउँपालिकामा १.५१ प्रतिशत बेरुजु देखिएको छ। ४९ करोड ९३ लाख ७१ हजार लेखा परीक्षण रकम रहेकामा ७५ लाख ५९ हजार रुपैयाँ बेरुजु देखिएको छ। निसीखोला गाउँपालिकामा ०.९४ प्रतिशत बेरुजु देखिएको छ। ७५ करोड ७४ लाख नौ हजार लेखा परीक्षण रकम रहेकामा ७१ लाख २६ हजार रुपैयाँ बेरुजु देखिएको छ। गलकोट नगरपालिकामा ०.८७ प्रतिशत बेरुजु देखिएको छ। रु एक अर्ब ३३ करोड ७६ लाख ४८ हजारको लेखा परीक्षण हुँदा रु एक करोड १६ लाख ६० हजार बेरुजु देखिएको छ। बडिगाड गाउँपालिकामा ०.७२ प्रतिशत बेरुजु देखिएको छ। त्यहाँ एक अर्ब २४ करोड ४९ लाख छ हजार लेखा परीक्षण रकम रहेकामा ८९ लाख ९२ हजार रकम बेरुजु देखिएको हो।

## २० हजार...

सहज उपचार पाउनका लागि जनशक्ति थप गर्नुपर्ने आवश्यकता रहेको बताउँदै उहाँले सरकारी अस्पतालहरुलाई साधन, स्रोत र जनशक्ति अभाव हुन दिन नहुनेमा जोड दिनुभयो।

भरतपुर अस्पतालले सम्पूर्ण सेवा दिन नसकेका कारण भरतपुरका गल्लीगल्लीमा अस्पताल खुलेको बताउँदै अस्पताललाई के उपकरणको समस्या हो त्यसबारेमा जानकारी दिन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "समस्या के हो जानकारी दिनुहोस् पाँच/दश करोड बजेटको समस्या हुँदैन।" उहाँले आगामी असोज महिनाभित्र ३३ प्रतिशत जनसङ्ख्यालाई र चैत महिनाभित्र शत्प्रतिशत जनसङ्ख्यालाई कोरानोविरुद्धको खोप लगाइने बताउनुभयो। राज्यमन्त्री श्रेष्ठले नेपालमा सबै जनसङ्ख्यालाई करिब पाँच करोड ५० लाख खोप आवश्यक रहेकामा पाँच करोड २५ लाख खोपको सम्झौता भइसकेको जानकारी दिँदै उहाँले भन्नुभयो, "हाम्रो भण्डारण क्षमता २५ लाख खोप मात्र हो। त्यसैले खोप लगाउँदै फेरि ल्याउँदै गर्नु परेको छ।" सरकारको ध्यान कोरोना परास्त गर्नमा केन्द्रित रहेको बताउँदै उहाँले केही दिनमा पीसीआर र एन्टिजेन परीक्षणलाई पूर्ण रुपमा निःशुल्क गर्ने योजना रहेको जानकारी दिनुभयो।






# अझै केही दिन मनसुन सक्रिय हुने

रासस
काठमाडौं, ६ भदौ

अझै केही दिन मनसुन सक्रिय हुने भएको छ। बङ्गालको खाडीबाट आएको जलवाष्प युक्त हावाको प्रभावका कारण मनसुनी गतिविधि सक्रिय रहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् समीर श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार आगामी तीन दिन देशभर आंशिकदेखि सामान्य बदली रही अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा हुनेछ।

"न्यून चापीय रेखा नेपालभन्दा केही दक्षिणतिर रहेको भए पनि बङ्गालको खाडीबाट आएको जलवाष्प युक्त हावाको प्रभावका कारण अझै मनसुन सक्रिय भएको हो," मौसमविद् श्रेष्ठले भन्नुभयो।

विभागले प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेकाले पहाडी भूभागमा भूक्ष्य, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको हुनाले नदीनाला र खहरे खोलामा पानीको सतह बढ्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ।

हाल देशभर सामान्य बदली रही प्रदेश नं १, वाग्मती, गण्डकी, लुम्बिनी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम खालको वर्षा भइरहेको छ। राति देशभर सामान्य बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका एक वा दुई स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ। सोमबार देशभर सामान्य बदली रही धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

# महिला टी-२० क्रिकेटका लागि २४ खेलाडी प्रशिक्षणमा

रासस
काठमाडौं, ६ भदौ

नेपाल क्रिकेट सङ्घ (क्यान) ले महिला टी-२० विश्वकप क्रिकेटको एशिया क्षेत्रीय छनोटका लागि पहिलो चरणमा २४ खेलाडीलाई बन्द प्रशिक्षणका लागि बोलाएको छ।

क्यानका सचिव अशोकनाथ प्याकुरेलले आज विज्ञप्ति जारी गर्दै बन्द प्रशिक्षणका लागि पहिलो चरणमा खेलाडी छनोट गरिएको जानकारी दिनुभएको छ। बन्द प्रशिक्षणका लागि बिनु बुढामगर, रुवीना क्षेत्री, काजोल श्रेष्ठ, इन्दु बर्मा, अप्सरी बेगम, रोमा थापा, सबनम राई, संगिता राई, सरस्वती चौधरी, अनुराधा चौधरी, सुमन खतिवडा, सरस्वती जीएम, कञ्चन श्रेष्ठ, रेवती धामी, लक्ष्मी साउद, कविता जोशी, कविता कुँवर, डली भट्ट, विन्दु रावल, ममता चौधरी, सीता रानामगर, ज्याती पाण्डे, करुणा भण्डारी र सरिता मगरलाई छनोट गरिएको छ।

एशिया छनोट आगामी मङ्सिर ७ देखि १२ गतेसम्म मलेसियामा सञ्चालन हुनेछ। उक्त प्रतियोगितामा शीर्ष स्थानमा रहने टोलीले ग्लोबल छनोटमा स्थान बनाउने छ। नेपालले खेल्ने एशिया छनोटमा भुटान, चीन, हङकङ, कुवेत, मलेसिया, म्यानमार र युनाइटेड अरब इमिरेटस् (यूएई)ले प्रतिस्पर्धा गर्नेछन्। कोरोना महामारीका कारण सो प्रतियोगिता सात महिनापछि सरेको हो।

## ब्रह्माकुमारी...

पोखराको नयाँगाउँमा ब्राह्मणद्धारा सामुहिक रक्षा बन्दन कार्यक्रम आयोजना भएको छ। छुवाछुत र विभेद मुक्त समाज निर्माणको लागि महासंघले समाजमा पहिलो पटक उक्त कार्यक्रम आयोजना गरेको महासंघका केन्द्रिय बरिष्ठ उपाध्यक्ष शंकर खरालले बताए। नेपालमा पछिल्लो समयमा राखि बाध्य प्रचलन हाम्रो मौलिक पन नभएको बरिष्ठ उपाध्यक्ष खरेलको दाबी छ।

यसैबिच, पोखरा सहित कास्की क्षेत्रमा पनि रक्षाबन्धन (जनैपूर्णि) पर्व जनै तथा रक्षाबन्धन धारण गरेर मनाईएको छ। प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने उक्त पर्व पोखरा सहित कास्की क्षेत्रमा पनि सोमबार गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको जनै तथा रक्षाबन्धन धारण गरेर यो पर्व प्रायः सानो सङ्ख्यामा भेटघाट हुने गरी भनाइएको हो।

कोरोनाको प्रभाव पोखरा सहित कास्की क्षेत्रमा परेकोले यस बर्षको जनैपुर्णिमा पर्वमा अघिल्ला बर्षका जस्तो हर्स र उल्लासमय वातावरण नभएको पोखरेलीले जनाएका छन्। जोर विजोर गतेका आधारमा सवारी साधनहरु संचालन गर्न प्रशासनले दिएको कारण रक्षाबन्धन धारण गर्न तथा गराउन धेरैलाई कठिन भएको थियो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# गाईजात्राको शुभकामना

काठमाडौं उपत्यकामा मनाईने गाईजात्रा अहिले देशका मुख्य शहरहरुमा मनाउने गरिएको छ । एक वर्ष भित्र आफन्तजन गुमाउने परिवारका सदस्यहरुका लागि मृतकको सम्झना स्नेहका लागि गाईजात्रा मनाउने गरिन्छ । नेवार समुदायले मनाउने नेपालमा परम्परागत रुपमा गाईजात्रालाई साँस्कृतिक पर्वको रुपमा मनाइने गरिएको छ । काठमाडौं उपत्यका लगायत बनेपा, पनौती, धुलीखेल, पोखरा, तानसेन, बुटवल, गोर्खा, नारायणगढ, धरान, धनकुटा, विराटनगर, भद्रपुर लगायतका शहर हरुमा गाईजात्रा मनाउने गरिन्छ। काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिने गरिएकोमा यस वर्ष देखि देशभरका नेवार समुदायलाई विदा पाउने भएका छन। गाइजात्रा काठमाडौं उपत्यकामा मात्र सिमित नरही देशब्यापी बनेको छ। । गाईजात्राले जन्मपछि मृत्यु अवश्य हुन्छ जीवनको अनिवार्य प्रकृया हो भनेर बुझाउने काम गर्दछ। मृतकको फोटो सहितको झाकी, बाजागाजा, गाई र व्यङ्ग्यात्मक प्रर्दशन गराउने चलन राजा प्रताप मल्लले चलाएका थिए। प्रताप मल्लका नावालक छोराको मृत्यु पछि रानी विक्षिप्त भईन। उनलाई केही गरि सम्झाउन नसकेपछि राजा प्रताप मल्लले एउटा उपाय रचे। त्यस वर्षभरी राज्यमा मृत्यु भएका नागरिकका आफन्तलाई गाई सहित दरवार अगाडि रानीले देख्ने गरि जात्रा निकाल्न आव्हान गरेका थिए। त्यही वेलादेखि गाईजात्रा निकाल्न थालिएको हो। गाईजात्रा नेपालको सास्कृतिक पर्वको रुपमा मनाउने गरिएको छ। समाजमा व्याप्त विकृति, विसंगति, कुरीति र कुशासनलाई हास्यव्यङ्ग्यको माध्यमबाट प्रकट गर्ने पर्वको रुपमा गाईजात्रालाई लिने गरिएको छ। देशमा राजनीतिक मुल्य र मान्यता सबै भत्केको वेला सधै गाइजात्रा भएको छ । गाईजात्रामा व्यङ्ग्य, साँस्कृतिक झाँकी, नृत्य लगायत विभिन्न कार्यक्रम गरी मनाइन्छ । नेवार समुदायमा मनाइने गाईजात्रा पर्वले नेपालको साँस्कृतिक महत्व राख्दछ।

नेपालका मौलिक संस्कृतिमाथि चौतर्फी आक्रमण भइरहेको बेलामा गाईजात्राको महत्वलाई जोगाई राख्नु संस्कृतिकर्मीहरुले पहल गर्नुपर्ने बेला भएको छ। गाईजात्रामा प्रदर्शन गरिने व्यङग्य, सांस्कृतिक नृत्य तथा झाँकीले यस्को महत्व झल्काउने गर्दछ । हाम्रो शासन व्यवस्था, सामाजिक आर्थिक तथा साँस्कृतिक क्षेत्रको विकृति एवं विसंगतिलाई बर्षको एक पटक गाईजात्राको बेलामा हास्यव्यङ्ग्य, कार्टुन, झाँकी, नृत्य प्रदर्शन गरिन्छ। सजिलै विरोध जनाउन वा चित्त नबुझेको कुरामा टिप्पणी गर्न सधैं नसकिने हुदाँ गाईजात्राको बेला गर्दा सहज हुने गर्दथ्यो। अहिले विभिन्न सञ्चारका माध्यमवाट विरोध जनाउन सकिने अवस्था छ । विरोधलाई रचनात्मक वा सृजनात्मक रुपले जनतासामु ल्याउने अवसर भनेकै गाईजात्रा हो । देशको शासन व्यवस्था, राजनैतिक दलका नेता, प्रशासक, न्यायामुर्ति, सुरक्षाकर्मी, उद्योगी, व्यापारी एवं विभिन्न पेशा व्यवसायका अगुवाहरुको बारेमा टिप्पणी गर्ने अवसर नै गाईजात्रा हो । गाईजात्राको माध्यमबाट व्यङगकारहरुले आफ्नो प्रतिभा देखाउने, प्रहसन गर्ने, क्यारीकेचर गरेर मनोञ्जन दिन पनि सकिन्छ । नेपालमा अभिव्यक्ति स्वतन्त्रतालाई संविधानले ग्यारेण्टी गरे पनि कानुन वनााएर संकुचन वनाउन खोजिएको छ। एक हातले दिएर अर्को हातले खोस्ने काम नहोस भनेर खवरदारी गर्नुपर्ने बेला आएको छ।

वर्ष दिनमा एक पटक देशको अवस्थाबारे जनताले बुझ्ने मौका गाईजात्रा हो । तर अहिले सरकार, राजनैतिक दलका नेता, मन्त्री, राष्ट्रसेवक, प्रशासक, सुरक्षाकर्मी, व्यापारी लगायत विभिन्न पेशाका व्यक्तिहरुले गरेको व्यवहारले बर्षभरी नै गाईजात्रा मनाए जस्तै भएको छ। देशको हरेक क्षेत्रको गतिविधि गाईजात्रे पाराले चल्दै आएको हुदा जनताले परिर्वतनको अनुभुति गर्न पाएका छैनन् । देशमा सरकार छ तर प्रशासन कमजोर छ। एउटै दल पनि गुट र उपगुटले ग्रसित भएका छन । सत्ताको खेलमा रमाइरहने नेता र पदको लागि पार्टी, सिद्धान्त, मुल्य मान्यता तिलान्जली दिने संसद कारणदलीया व्यस्थालाई नै काम नलाग्ने होकि भन्ने अवस्थामा नेताहरुले पुर्‍याएका छन । मिलेर बसेकाहरुलाई आपसमा लडाउनेहरु सकृय हुन थालेका छन्। भ्रष्टाचार मौलाएको छ। कोरोनाले गर्दा संसार नै अहिले भयवह स्थितीमा रहेको छ। नेपालमा पनि आर्थिक अवस्था र स्वास्थ प्रणाली कमजोर भएको बेला कसरी जनतालाई राहत दिने, आर्थिक गतिविधि चलायमान गराउने र सुरक्षाको प्रत्याभूति दिलाउन छोडेर नेताहरु सत्ताको खेलमा व्यस्त छन् । देश र जनताको हितमा एक हुनुपर्ने बेला आपसमा मनमुटाव देखाएर महागाईजात्रा प्रदर्शन गरेका छन् । व्यङ्गकार, कलाकारले देखाउने गाईजात्रा सिंहदरबारदेखि स्थानीय तहसम्म आईपुगेको छ । हरेक क्षेत्र गाईजात्रे तरिकाले चलेकाले नेपालको अवस्थाले देशको पहिचान पनि हराउने हो कि भन्ने आशंका बढेर गएको छ । देशमा व्याप्त कुशासन, भ्रष्टाचार, अत्याचार, भेदभावको अन्त्य गरी सबै जातजातिको संस्कृतिको संरक्षण र संवद्धन गर्न, सुशासन कायम गर्न, भ्रष्टाचारीलाई कारवाही गर्न र न्यायपूर्ण समाज निर्माण गर्न गाईजात्रा पर्वले सवैलाई प्रेरणा देओस्। गाईजात्रा पर्वको सवैमा शुभकामना।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : शारीरिक झमेला |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मन चञ्चल | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# तनहुँ कारागार स्वास्थ्यकर्मीविहीन

**पोखरापत्र संवाददाता**
**दमौली, ६ भदौ**

तनहुँ जिल्ला कारागारमा स्वास्थ्यकर्मी नहुँदा कैदीबन्दीलाई स्वास्थ्य परीक्षणका लागि समस्या भएको छ।

कारागारमा रहेका स्वास्थ्यकर्मी समायोजन भएर स्थानीय तहमा गएपछि कारागारमा नयाँ स्वास्थ्यकर्मी नआउँदा उनीहरूले नियमित स्वास्थ्य परीक्षण गर्न नपाएका हुन्।

विसं २०७६ असोजदेखि कारागार स्वास्थ्यकर्मीविहीन छ । अहेवको दरबन्दी रहेको कारागारमा स्वास्थ्यकर्मीकोव्यवस्थानहुँदासामान्य स्वास्थ्य समस्या आउँदा पनि दमौली अस्पतालसम्म लैजानुपर्ने बाध्यता रहेको कारागारका सूचना अधिकारी नारायण अधिकारीले जानकारी दिनुभयो । "यहाँ कार्यरत स्वास्थ्यकर्मी म्याग्दे गाउँपालिकामा सरुवा भएपछि दुई वर्षदेखि कारागार स्वास्थ्यकर्मीविहीन बनेको छ । यसले कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणमा समस्या भइरहेको छ", उहाँले भन्नुभयो, "अन्यत्रसम्म लैजानुपर्छ, कारागारको सवारी छैन, हत्कडी लगाएर हिँडेर जान कैदीबन्दी अप्ठ्यारो मान्छन् ।" कारागारमा हाल १११ थुनुवा र १७५ कैदीबन्दी गरी २८६ छन् । कारागारमा नयाँ भवन बनेकाले कैदीबन्दी राख्न सहज भएको छ । "गर्मी, चिसो मौसममा कैदीबन्दी बिरामी भइराख्छन्, कारागारमै स्वास्थ्यकर्मीको दरबन्दी पूर्ति हुनसके सहज हुन्थ्यो", उहाँले भन्नुभयो, "सम्बन्धित निकायमा पटक-पटक यसबारेमा जानकारी गराएका छौं ।" कारागार व्यवस्था विभाग र प्रमुख जिल्ला अधिकारीलाई यसबारेमा जानकारी गराइए पनि हालसम्म केही सम्बोधन नभएको कारागारले जनाएको छ । "करारमा राख्नका लागि कारागारसँग बजेट छैन, स्थायी कर्मचारीलाई नै पठाउन विभागमा अनुरोध गरेका छौं", उहाँले भन्नुभयो।

कारागारमा गत वर्ष नयाँ भवन निर्माण भएकाले त्यसयता कैदीबन्दीमा छाला रोगको समस्या भने नदेखिएको उहाँले बताउनुभयो।

पर्याप्त खानेपानीको व्यवस्था भएकाले कैदीबन्दीले सरसफाइमा ध्यान दिएका छन् । "विगतका वर्षहरूमा खानेपानीको अभावले कैदीबन्दीलाई छालाको समस्या देखिन्थ्यो, शौचालय जान पनि पालो पर्खनुपर्ने बाध्यता थियो, तर अहिले त्यस्तो समस्या समाधान भएको छ", उहाँले भन्नुभयो।

# ढोरबराहा हिँडेका दर्शनार्थी अलपत्र

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ भदौ**

भुजीखोलामा आएको बाढीले कच्ची सडकमा क्षति पुर्‍याएपछि जनैपूर्णिमाका लागि ढोरबराहा मन्दिर हिँडेका दर्शनार्थी बाटोमै अलपत्र परेका छन्।

बागलुङको ढोरपाटन नगरपालिका-९ स्थित बोबाङको भुजी खोलामा आएको बाढीले बुर्तिवाङ-ढोरपाटन सडकको ठाउँ-ठाउँमा क्षति पुर्‍याएको छ । शनिबार बिहानै बुर्तिवाङ बजारबाट ढोरपाटनतर्फ लागेका दर्शनार्थीमध्ये केही पैदल त केही सवारी साधनमा थिए । कोरोना महामारीका कारण जिल्ला प्रशासन कार्यालयले शुक्रबार नै पुनः निषेधाज्ञाको आदेश जारी गरेको थियो । यसअघि जारी निषेधाज्ञा भदौ ५ गतेसम्म जारी रहेकामा ६ गतेदेखि अवरोध नहुने आशामा स्थानीयवासीले आज पूर्णिमाका दिन ढोरवराहमा पूजाको कार्यक्रम गर्ने योजना बनाई प्रचार प्रसारसमेत गरेका थिए । शुक्रबार नै थप निषेधाज्ञाको आदेश जारी हुनाका साथै बाढीले पनि सडक अवरुद्ध गराएकाले यस वर्ष दर्शनार्थको कार्यक्रम बिथोलिएको हो । ढोरपाटनमा तीन दिनयता निरन्तरको वर्षाका कारण बोबाङको दुवाल, भुसण्डे, सुप्राङलगायत स्थानको सडकखण्ड बाढीले सडक बगाउनका साथै कतिपय स्थानमा खोला नै बगिरहेकाले पूजा गर्न जान कठिन भएको स्थानीय यात्री हेमलाल गैरेले जानकारी दिनुभयो।

एउटा स्काभेटरले काम गरिरहे पनि आजसम्म खुलाउन सकेको छैन । अहिले पनि १५ जीप, २५ मोटरसाइकल बाटो खेलेपछि ढोरपाटन जाने पर्खाइमा छन् । ढोरपाटन शिकार आरक्ष क्षेत्रस्थित उक्त मन्दिरमा जनै पूर्णिमाका दिन ठूलो मेला लाग्दै आएको छ

नगरपालिका, निसीखोला गाउँपालिका र छिमेकी जिल्ला रुकुमबाटसमेत दर्शनार्थी पूजाका लागि ढोरबराह पुग्ने गरेका थिए।

# आज गाईजात्रा

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ भदौ**

प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन मनाइने परम्परागत सांस्कृतिक पर्व 'गाईजात्रा' आज विभिन्न कार्यक्रमको आयोजना गरी देशभर आरम्भ गरिँदैछ।

एक वर्षभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा आजका दिन गाई वा मानिसलाई गाईका रूपमा सिँगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरिन्छ । यसरी नगरपरिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्तिहरू गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन "जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली शहर परिक्रमा गराउनु" भनी आज्ञा दिएका आधारमा यो पर्व शुरु भएको ऐतिहासिक तथ्य छ। यसबाट पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रमसमेत गराउने आदेश दिएअनुरूप हांस्यव्यङ्ग्यको प्रचलन चलेको हो भन्ने जनश्रुति पाइन्छ । प्रताप मल्लको पालादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा अहिलसम्म पनि जारी छ। देशका विभिन्न शहरमा गाईजात्रा मनाइने भए पनि उपत्यकामा यसको विशेष रौनक देखिने गरेकामा यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना भाइरसको सङ्क्रमणबाट बच्न पनि भीडभाड कम गर्न सरकारले आह्वान गरेको छ। कोरोनाका कारण भौतिक दूरी कायम गरेर चाडपर्व मनाउनुपर्ने अवस्था छ। भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छ।

# तीन कृषि उपज र आलु संकलन केन्द्र निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ६ भदौ**

यसवर्ष चार कृषि उपज र आलु सङ्कलन केन्द्रको भवन निर्माण गरिएको छ । ग्रामीण क्षेत्रका किसानले उत्पादन गरेका कृषि उपजको सुरक्षित भण्डारण र बजारीकरण गर्ने उद्देयले सङ्कलन केन्द्र स्थापना गरिएको हो।

कृषि ज्ञान केन्द्रको सहयोगमा तीन र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमअन्तर्गत पूर्वाधार विकास कार्यालयमार्फत एक कृषि उपज सङ्कलन केन्द्र निर्माण गरिएको हो । दुई कृषि उपज र दुई आलु सङ्कलन तथा भण्डारणका लागि भवन निर्माण गरिएको हो। कृषि ज्ञान केन्द्रको सहयोगमा बेनी नगरपालिका-४ बास्कुनामा कृषि उपज, रघुगङ्गा गाउँपालिका-६ ठाडाखानी र वडा नं ८ घ्याँसीखर्कमा आलु सङ्कलन केन्द्रको भवन निर्माण गरिएको कृषिप्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो । अन्नपूर्ण गाउँपालिका-५ स्वाँतमा पूर्वाधार विकास कार्यालयको सहयोगमा कृषिउपज सङ्कलन केन्द्रको भवन निर्माण गरिएको हो । "गाउँका किसानले थोरै थोरै मात्रामा उत्पादन गरेका कृषि उपज केन्द्रमा सङ्कलन गरेर बजार पठाउन सहयोग पुगोस् भनेर सङ्कलन केन्द्र बनाएका हौं", कृषिप्रसार अधिकृत पाण्डेले भन्नुभयो, "आलुको बीउलाई सुरक्षित रुपमा भण्डारण गरेर गुणस्तरीय बनाउन बीउ भण्डारण केन्द्रले सहयोग पुग्छ ।" सुन्तला, दूध र तरकारी खेतीको पकेटक्षेत्र बास्कुनामा कृषि उपज सङ्कलन निर्माणका लागि केन्द्रले रु सात लाख ७४ हजार अनुदान सहयोग गरेको थियो। दुई कोठे भवनमा तरकारी तथा दूध सङ्कलन गरेर बजार पठाउने र बजारबाट ल्याइने बीउ, मल भण्डारण गरेर राख्ने गरिएको बास्कुना कृषि सहकारी संस्थाका अध्यक्ष तिलक गुरुङले बताउनुभयो।

यसैगरी आलु पकेट क्षेत्र ठाडाखानीमा दुई कोठे आलु बीउ सङ्कलन र भण्डारण भवन बनाउन केन्द्रले रु पाँच लाख ९९ हजार ४०० सहयोग गरेको छ । करिब दश हजार किलो आलुको बीउ भण्डारण गर्न सकिने दुई कोठे भवन बनाइएको ठाडाखानीको भिरकुना किसान समूहका अध्यक्ष भमाया बुढाथोकीले बताउनुभयो।

झिङ्खानी व्यवसायिक कृषि उपज उत्पादन केन्द् (ब्लक) आयोजना सञ्चालक समितिले घ्याँसी खर्कमा १४ मिटर लम्बाइ र छ मिटर चौडाइ भएको आलु सङ्कलन केन्द्रको भवन बनाएको छ। रु आठ लाखको लगानीमा निर्माण गरिएको भवनमा स्थानीय किसानले उत्पादन गरेको आलु सङ्कलन गरेर बजार पठाउने व्यवस्था मिलाइने समितिले जनाएको छ।

यसैगरी तरकारी र आलुको पकेटक्षेत्र मानिएको अन्नपूर्ण गाउँपालिका-५ स्वाँतमा गण्डकी प्रदेशसभा सदस्य विनोद केसीको सिफारिसमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु दश लाख सहयोगमा कृषि उपज सङ्कलन केन्द्रको भवन निर्माण गरिएको छ। मनिबराह बहुउद्देश्यीय किसान समूहका अध्यक्ष लोकबहादुर पूर्जाले दुई तले भवन निर्माण गरिएको जानकारी दिनुभयो।

# मनाइयो जनैपूर्णिमा (ऋषि तर्पणी), रक्षाबन्धन

**–पूर्णप्रसाद मिश्र**
**काठमाडौं, ६ भदौ (रासस)**

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनैपूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर नव यज्ञोपवित एवं रक्षाबन्धन धारण गरेर मनाइएको छ।

पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाँधेका छन्। यस पर्वका अवसरमा पशुपतिनाथलगायत प्रमुख मन्दिरमा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर गुरु पुरोहितले भक्तजनलाई यज्ञोपवीत र रक्षासूत्र लगाइदिएका थिए । गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोउ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ । यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामी रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । मानवरक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाँहिने नाडीमा बाँधिदिने गरिन्छ।

**तागाधारीले गरे यज्ञोपवीत धारण**

आजकै दिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवीत) फेर्नुपर्ने विधानशास्त्रमा उल्लेख छ। यसका लागि श्रावण शुक्ल चतुर्दशी अर्थात् शनिबारदेखि कपाल मुण्डन गरी एक छाकमात्र खाएर चोखोनितो गरी बसिन्छ । यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन् । यसलाई श्रावणी स्नान पनि भनिन्छ।

स्नानपछि जौ तिल र कुशद्वारा ऋषिलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिन्छ । अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोसमेत भनिन्छ। रक्षाबन्धन बाँध्न एवं नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुरस्थित अशोकविनायकलगायत वाग्मती नदीको किनार र काठमाडौँ उपत्यकालगायत देशभरका मठ मन्दिरमा भक्तजनको भीड लागेको थियो। यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना जोखिम कायमै रहेकाले भौतिक दूरी कायम गरी सांस्कृतिक पर्व मनाउन सरकारले आह्वान गरेकाले मानिस केही सजग देखिन्थे । पशुपतिनाथ मूल मन्दिरलगायत देशभरका महत्वपूर्ण मन्दिर भक्तजनका लागि बन्द गरिएको छ । मन्दिरमा नित्य पूजाबाहेकका कर्म निषेध गरिएको छ । पशुपतिनाथलगायत मन्दिर परिसरको बाहिरी क्षेत्रमा भने जनै फेर्ने र डोरो बाँध्ने भक्तजनको गत वर्ष पनि भीड लागेको थियो। यस वर्ष पनि कोरोना जोखिम मोलेर पनि भक्तजन पशुपति क्षेत्रलगायत मुख्य मन्दिरमा जम्मा भएका थिए।

**क्वाँटीको परम्परा**

जनैपूर्णिमाका दिन ११ थरीका गेडागुडी मिसाइ भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाई मनाइएको छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ।

विभिन्नथरी गेडागुडी मिसाएर बनाइएको क्वाँटीको रस खाएमा शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि हुने आयुर्वेदका चिकित्सक डा शेषराज आचार्यले बताउनुभयो। यसबाट चिसो गाडिएर लाग्ने रुघाखोकीजस्ता रोग पनि निको हुने उहाँले सुनाउनुभयो। कोरोनाजस्ता भाइरसको आक्रमणबाट बचाउन रोग प्रतिरोधी क्षमता वृद्धि हुने आयुर्वेद शास्त्रका चिकित्सकको भनाइ छ।

**तराई क्षेत्रमा बाँधियो राखी**

नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइएको छ । यसबाट दिदी बहिनी र दाजुभाइकाबीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ। तराई क्षेत्रमा बाँधिने राखी बिस्तार काठमाडौँ उपत्यका र पहाडमा पनि फैलन थालेको छ। कागेश्वरी मनोहरा नगरपालिका- ६ मूलपानीकी कविता सापकोटाले आजै आफ्ना दाजुभाइलाई राखी बाँधिदिनुभयो । परिवारमा पहिले यस्तो प्रचलन नभए पनि दाजु बहिनी एवं दिदीभाइकाबीच प्रेम सम्बन्ध बढाउने पर्व भएकाले राखी बाँधिदिएको उहाँको भनाइ छ।

वैदिक संस्कृतिमै आधारित भएर श्रावणशुक्ल पूर्णिमाका दिन राखी बाँधिने भएकाले परिवारका सदस्यले यसलाई रुचाएको सापकोटाको अनुभव छ । सञ्चारमाध्यम र सामाजिक सञ्जालका माध्यमबाट एक भागमा मनाइने पर्व अर्को भागमा पनि प्रसार भएको यो प्रतिनिधि उदाहरण हो।

**विभिन्न स्थानमा सावधानीपूर्वक मेला**

काठमाडौँको उत्तरपूर्वी भेगमा रहेको मणिचूँड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोककोपाँचपोखरी,धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डमा श्रावण शुक्ल पूर्णिमाका दिन बिहानैदेखि मेला लाग्ने गरेकामा यस वर्ष कोरोना जोखिमका कारण धेरै स्थानका मेला औपचारिकरुपमा स्थगित गरिएको थियो । औपचारिकरुपमा स्थगित गरिए पनि नजिकका मानिस भने सावधानसाथ सहभागी भएर मेला परम्परालाई निरन्तरता दिएका छन्।

भौतिक दूरी कायम गरी ती तीर्थस्थलमा प्रत्येक वर्ष आजका दिन गरिने विशेष पूजा आराधना भने यथावत् जारी रहेको छ। यस पर्वका अवसरमा सरकारले सार्वजनिक बिदा दिएको छ । विगत वर्षमा सरकारले यस दिनको बिदा काटेकामा जनस्तरबाट व्यापक विरोध आएपछि निर्णय सच्याउन सरकार बाध्य भएको हो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



**भेष रत्न शाक्य**
जन्म : १९९० फागुन
स्वर्गारोहण : २०७८/०१/२२



**सूर्य रत्न शाक्य**
जन्म : १९९३ माघ
स्वर्गारोहण : २०७७/०९/१६



**अष्टलक्ष्मी शाक्य**
जन्म : १९९९ भाद्र
स्वर्गारोहण : २०७७/०९/१३



**विकास रत्न शाक्य**
जन्म : २०२५ मंसिर
स्वर्गारोहण : २०७७/०७/१६



**सम्झना बज्राचार्य**
जन्म : २०२८ श्रावण
स्वर्गारोहण : २०७८/०२/०१



**संगिता शाक्य**
जन्म : २०३१ जेठ
स्वर्गारोहण : २०७८/०२/२७



**शेरमान बुद्धाचार्य**
जन्म : १९९० बैशाख
स्वर्गारोहण : २०७७/०८/०७



**दूधमान उदास**
जन्म : १९७९ जेठ
स्वर्गारोहण : २०७८/०३/२४

हाम्रो शाक्य कुल तेर्सापट्टी छोरीहरुको त. के. (दिदीबहिनी) समुहका प्रिय अभिभावकहरु क्रमश: **भेष रत्न शाक्य, सूर्य रत्न शाक्य, अष्टलक्ष्मी शाक्य, विकास रत्न शाक्य, शेरमान बुद्धाचार्य (ससुरा: अनिता बुद्धाचार्य, दुधमान उदास (ससुरा: जोत्सना उदास) एवं यस समुहका द्वय दिदीबहिनी सम्झना बज्राचार्य, संगिता शाक्य** को एक वर्षको समय अवधिमा दिवंगत हुनु भएकोमा हामी निकै मर्माहित एवं स्तब्ध भएका छौं । यस दुखद घडिमा उहाँहरुको आत्माको चिरशान्तिको कामना गर्नुको साथै उहाँहरुको गुण स्मरण गर्दै दिवंगत सबैको निर्वाण लाभको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना अर्पण गर्दछौं ।

**सल्लाहकारहरू:**
श्रीमती नारायणदेवी शाक्य
श्रीमती रेणुकादेवी शाक्य
श्रीमती टिकादेवी शाक्य

**सदस्यहरू:**
शान्ती बुद्धाचार्य
ललिता गुभाजू
अनिता बुद्धाचार्य
रन्जना श्रेष्ठ
सुनिता बज्राचार्य
लिना प्रधानाङ्ग
सन्जु बुद्धाचार्य
निता बुद्धाचार्य
रीता शाक्य
जोत्सना उदास

**संयोजक:**
प्रमिला (शाक्य) द्वा
शाक्य त. के. (दिदीबहिनी) समुह
तेर्सापट्टी, पोखरा